# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, जेठ २१ गते, २०८१ साल (संख्या ९

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

**फौजदारी कसूर (कैद कट्टा) (तेस्रो संशोधन) नियमावली, २०८१**

फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "फौजदारी कसूर (कैद कट्टा) (तेस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ को नियम ५ मा संशोधन</u>:** फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उपनियम (१) को खण्ड (घ) पछि देहायका खण्ड (घ१), (घ२) र (घ३)) थपिएका छन्:-

"(घ१) ज्यान सम्बन्धी कसूरको हकमा पीडित आफैं वा निजको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, बाजे वा बज्यैले अनुसूची-२क. बमोजिमको ढाँचामा दिएको सहमति पत्र,

(घ२) अदालतको फैसला बमोजिम क्षतिपूर्ति वा बिगो बुझाउनु पर्ने भएमा सम्बन्धित पक्षलाई त्यस्तो क्षतिपूर्ति वा बिगो बुझाएको निस्सा वा रसिद,

(घ३) अनुसूची-२ख. बमोजिमको ढाँचाको स्वघोषणा, "

३. **<u>मूल नियमावलीको नियम ६ मा संशोधन</u>:** मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (२) बमोजिम प्राप्त सिफारिस सहितको निवेदन उपर जाँचबुझ गर्दा ऐन वा ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून तथा यस नियमावली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम कसूरदारलाई लागेको कैद कट्टा गर्न मनासिब देखिएमा विभागले अनुसूची-३ बमोजिमका विषय समावेश भएको एकमुष्ट विवरण तयार गरी त्यस्तो कसूरदारको सम्बन्धमा उजुरी वा गुनासो गर्न सात दिनको समय दिई विभागको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (३) बमोजिमको म्याद भित्र पीडित पक्ष वा जाहेरवालाले उजुरी वा गुनासो गरेमा सो सम्बन्धमा समेत छानबिन गरी विभागले कैद कट्टा गर्न मनासिब देखिएका कैदीको अन्तिम सूची तयार गरी निर्णयको लागि मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।"

४. **मूल नियमावलीमा अनुसूची थप**: मूल नियमावलीको अनुसूची-२ पछि संलग्न बमोजिमका अनुसूची-२क. र अनुसूची-२ख. थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-२क.

(नियम ५ को उपनियम (१) को खण्ड (घ१) सँग सम्बन्धित)

**पीडितले दिने सहमति पत्रको ढाँचा**

जिल्ला...........साबिक .............न.पा./गा.वि.स./..........वडा नं..... भई हाल.......................न.पा./गा.पा. वडा नं............... बस्ने..............को नाति/नातिनी............को छोरा/छोरी वर्ष ..... को ..........विपक्षी भएको मुद्दाको पीडित /जाहेरवाला /पीडितको ..........नाताको हुँ।

..................अदालतको मिति.............को फैसला बमोजिम............ मुद्दामा.......... वर्ष कैद र ................ जरिबाना भै कैद भुक्तान गरिरहेको जिल्ला..........., ...........न.पा./गा.पा. वडा नं.................घर भै हाल ..........कारागारमा थुनामा रहेको..............को नाति/नातिनी................. को छोरा/छोरी वर्ष..........को .....................ले आफूले कसूर गरेकोमा पश्चाताप गरी आगामी दिनमा कुनै कसूरमा संलग्न नहुने प्रतिबद्धता व्यक्त गरेको साथै सो अदालतबाट निर्णय भए बमोजिमको जरिबाना/क्षतिपूर्ति/बिगो समेत कानून बमोजिम तिरेको र निजको आचरणमा समेत सुधार भएको भनी निज रहेको कारागारबाट जानकारी प्राप्त भएकोले कैद छुट प्रयोजनको लागि कोही कसैको करकाप, डर धम्की र लोभ लालचमा नपरी आफ्नै राजीखुसीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारागार प्रशासकको रोहवरमा यो सहमति प्रदान गरेको छु ।उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| **कसूरदारको तर्फबाट** | **पीडितको तर्फबाट** |
|---|---|
| नाम,थर : | नाम, थर : |
| ठेगाना : | ठेगाना : |
| नेपाली नागरिकता वा परिचयपत्र नं. : | नेपाली नागरिकता वा परिचयपत्र नं.: |
| मुद्दा : | मुद्दा : |
| कैदी रहेको कारागार : | पीडित/पीडितसँगको सम्बन्ध: |
| सहीछापः | सहीछाप : |

**रोहवर**

कारागार प्रशासक,

कारागार कार्यालय.....................................।

मिति..............



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२ख.

(नियम ५ को उपनियम (१) को खण्ड (घ३) सँग सम्बन्धित)

**स्वघोषणाको ढाँचा**

जिल्ला.........साबिक............न.पा./गा.वि.स./.........वडा नं. ..... भई हाल..................... न.पा./गा.पा. वडा नं................. बस्ने.................. को नाति/नातिनी............ को छोरा/छोरी वर्ष ..... को ................ हुँ ।

सम्मानित.......................................अदालतको
मिति................................को......................फैसला
बमोजिम................मुद्दामा...........वर्ष......महिना.......दिन............कैद र ............जरिबाना........ बिगो ...... क्षतिपूर्ति कायम भै मिति...........देखि हालसम्म ........वर्ष........महिना....दिन..... कैद भुक्तान गरिसकेको छु । अदालतको फैसला बमोजिम तिर्नु बुझाउनु पर्ने जरिबाना/बिगो/क्षतिपूर्ति बुझाइसकेको र ........... प्रतिशत कैद भुक्तान भै सकेकोले कैद छुट प्रयोजनका लागि सिफारिस गरी पाउँ भनी अनुरोध गर्दछु।
विगतमा मबाट भए गरेको कसूरमा पूर्ण पश्चाताप गर्दै आगामी दिनमा कुनै आपराधिक क्रियाकलापमा संलग्न नहुने र मेरो बाँकी जीवन असल नागरिकका रुपमा बिताउँदै परिवार, समाज र राष्ट्रको हित हुने कार्यमा समर्पित हुने प्रण गर्दछु ।उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वघोषणा गर्ने कैदीको,-

नाम,थरः

सहिछापः

**औंठा छाप**

| दायाँ | बायाँ |
| --- | --- |
| | |

स्वघोषणा गराउने अधिकारीको,-

नाम, थर :

पद :

सहिछापः

मितिः "

**आज्ञाले,**

**एकनारायण अर्याल**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।